चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८२/१०/२९ गते
समय :- बिहान ठीक ११:०० बजेदेखि
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ५८ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

क्र.सं.	नाम, थर	पद	दस्तखत
१	पुष्प बादी	नगर प्रमुख	
२	इश्वरी कुमारी शर्मा (बि.एम.)	उप प्रमुख	
३	इन्द्रे गिरी	वडा अध्यक्ष - वडा नं. १	
४	विरबहादुर राना	वडा अध्यक्ष - वडा नं. २	
५	लालबहादुर बुढा	वडा अध्यक्ष - वडा नं. ३	
६	गोपालबहादुर भण्डारी	वडा अध्यक्ष - वडा नं. ४	
७	खुमबहादुर खड्का	वडा अध्यक्ष - वडा नं. ५	
८	जयप्रकाश बोहरा	वडा अध्यक्ष - वडा नं. ६	
९	भिमप्रसाद जैसी	वडा अध्यक्ष - वडा नं. ७	
१०	शशिराम वि.क.	वडा अध्यक्ष - वडा नं. ८	
११	नरबहादुर मल्ल	वडा अध्यक्ष - वडा नं. ९	
१२	विरेन्द्र रोकाय	वडा अध्यक्ष - वडा नं. १०	
१३	तुल्से वली	वडा अध्यक्ष - वडा नं. ११	
१४	टिकाराम ओली	वडा अध्यक्ष - वडा नं. १२	
१५	श्रीकृष्ण शर्मा	वडा अध्यक्ष - वडा नं. १३	
१६	थलबहादुर कवर	वडा अध्यक्ष - वडा नं. १४	
१७	उमादेवी सुनार	कार्यपालिका सदस्य	
१८	पुतला पुन (मल्ल)	कार्यपालिका सदस्य	
१९	भिमा थापा	कार्यपालिका सदस्य	
२०	मिना के.सी.	कार्यपालिका सदस्य	
२१	लक्ष्मी सुनार	कार्यपालिका सदस्य	
२२	तुलाराम सुनार	कार्यपालिका सदस्य	
२३	विमला नेपाली	कार्यपालिका सदस्य	
२४	देवेन्द्र कुमार सुनार	कार्यपालिका सदस्य	
२५	शेरप्रसाद ढकाल	सचिव	

नगर कार्यपालिकाको कार्यालय
चौरजहारी नगरपालिका
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति २०८२/१०/२९ गतेको नगर कार्यपालिकाको ५७ औं बैठकका सङ्क्षिप्त निर्णयहरू

क्र.स.	प्रस्ताव	निर्णयको सङ्क्षिप्त व्यहोरा	कैफियत
१	यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव।	यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने।	
२	योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव।	नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने।	
३	सहिद परिवार सम्मान गर्ने सम्बन्धी प्रस्ताव।	चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार २०८२ फागुन १४ गते सहिद परिवार सम्मान गर्ने।	
४	सडक मापदण्ड निर्धारण गर्ने सम्बन्धी प्रस्ताव	चौरजहारी नगरपालिका १ को कर्नटाकुरा फलाटेखोला सडकको ८ मीटर मापदण्ड तोक्ने।	
५	प्रजातन्त्र दिवस मनाउने सम्बन्धी प्रस्ताव	प्रजातन्त्र दिवसको अवसरमा २०८२ फागुन ६, ७ र ८ गते विभिन्न कार्यक्रमहरूको आयोजना गरी प्रजातन्त्र दिवस मनाउने।	
६	सार्वजनिक बिदा दिने सम्बन्धी प्रस्ताव	सशस्त्र सङ्घर्ष र जनआन्दोलनका सहिदहरूप्रति सम्मान स्वरुप नगरसभाको निर्णयानुसार २०८२ फागुन १ गते नगरपालिका क्षेत्रभित्र र सोअन्तर्गतका निकायमा सार्वजनिक बिदा दिने।	

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति २०८२/१०/२९ गतेको ५८ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरू

निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा' छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ **'सहिद परिवार सम्मान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि सञ्चालित तत्कालीन सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही पक्षबाट सहादत प्राप्त गरी नेपाल सरकारको निर्णयअनुसार राष्ट्रिय सहिद घोषणा भएका यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका सहिद परिवारहरूलाई मिति २०८२ फागुन १४ गते यस नगरपालिका कार्यालय हलमा सहिद परिवार सम्मान गरी उक्त बजेट कार्यान्वनय गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ **'सडक मापदण्ड निर्धारण गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका १ नं. वडा कार्यालयको पत्र सङ्ख्या २०८२/०८३ चलानी नं. ६९५ मिति २०८२ पुस १४ गतेको सडक मापदण्ड निर्धारण गरिदिने सम्बन्धी लेखिएको पत्रानुसार **'कर्नटाकुरा फलाटेखोला'** सडकको ८ मिटर सडक निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ **'प्रजातन्त्र दिवस मनाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २७३ मिति २०८२ माघ २६ गतेको राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धी पत्रानुसार मिति २०८२ फागुन ६-८ गतेसम्म तपसिलबमोजिमका कार्यक्रमहरू गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने निर्णय गरियो ।

तपसिल

१. राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्तगका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा समेत कार्यालय परिसर सरसफाइ गर्ने ।

२. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरू प्रसारण-प्रकाशन गर्ने ।

३. २०८२ फागुन ६, ७ र ८ गते कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ कार्यालय तथा घरघरमा दीप प्रज्ज्वलन गर्ने ।

निर्णय नं. ६ : प्रस्ताव नं. **'सार्वजनिक बिदा दिने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नेपालमा वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय उत्पीडनका विरुद्ध न्याय, स्वतन्त्रता र समानताको लागि एकात्मक राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न भएको सुरु भएको ऐतिहासिक सशस्त्र सङ्घर्ष र जनआन्दोलनका क्रममा सहादत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

प्राप्त भई नेपाल सरकारबाट राष्ट्रिय शहीद घोषणा हुनुभएका चौरजहारी नगरपालिका क्षेत्रभित्रका साथै सम्पूर्ण महान शहीदहरूप्रति उच्च श्रद्धा र सम्मान स्वरुप २०८२ माघ ७ गते सम्पन्न २२ औं नगरसभाको निर्णयबमोजिम मिति २०८२ फागुन १ गते यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका निकाय र विद्यालयहरूमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख